# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु (आ.व.२०७९/०८०, बैठक नं १२)

मिति : २०८० बैशाख ८ गते

**प्रस्तावहरु:**

१. विगतको निर्णय समीक्षा सम्बन्धमा
२. ढुङ्गा गिटी बालुवाको राजश्व संकलन सम्बन्धमा
३. केन्द्रीयस्तरमा योजना माग गर्न डेलिगेशन जाने सम्बन्धमा
४. मेलमिलाप केन्द्र स्थापना सम्बन्धी बजेट कार्यान्वयन सम्बन्धमा
५. विपदबाट प्रभावित व्यक्ति/संस्थाहरुलाई राहत रकम वितरण सम्बन्धमा
६. बेनपा ५ पुलाचौरमा अस्थायी प्रहरी चौकी स्थापना सम्बन्धमा
७. विविध

**निर्णयहरु**

१. बेनी नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्थाको समीक्षा गरियो । नगरपालिकाबाट भएका सबै खर्चहरु अनुमोदन गर्नुका साथै कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

२. बेनी नगरपालिकाको चालु आ.व. २०७९/०८० का लागि ढुङ्गा गिटी बालुवाको उत्खनन्, संकलन तथा बिक्री वितरण गर्ने प्रयोजनका लागि मिति २०७९/०७/३० गते पहिलो पटक, पुन: मिति २०७९/०९/१९ मा दोश्रो पटक र मिति २०७९/१०/१७ मा तेश्रो पटक सूचना प्रकाशन गर्दा समेत कोही कसैले प्रस्ताव पेश गरेको नपाईएकोले ढुङ्गा गिटी बालुवा संकलन तथा उत्खनन् बाट प्राप्त हुने राजश्व रकम प्राप्त हुन नसकेकोमा हाल विभिन्न निर्माण व्यवसायीहरु, सरकारी आयोजना तथा नागरिकहरु समेतबाट निर्माण सामाग्रीहरुको आवश्यकता परेको भनी कार्यालयमा निवेदन पेश गरेको पाईएकोले नगरपालिकाको राजश्व, अब उत्खनन् गर्न पाइने समय र परिमाण समेतलाई मध्यनजर गरी अवैध उत्खनन् एवं चोरी निकासीको उच्च निगरानी राख्ने गरी देहायका शर्तहरुको अधिनमा रही ढुङ्गा, गिटी, बालुवाको संकलन, उत्खनन तथा बिक्री वितरण गर्ने गराउने अनुमती दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

क. सम्बन्धित निर्माण व्यवसायीहरु, सरकारी आयोजना, तथा नागरिकहरुले आवश्यक निर्माण सामाग्रीहरुको विवरण खुलेको निवेदन नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

ख. निवेदन प्राप्त भएपछि कार्यालयले उक्त परिमाण र गण्डकी प्रदेश सरकारको आर्थिक ऐनमा उल्लेखित दररेटका आधारमा कुल रकम हिसाब गरी सम्बन्धित निर्माण व्यवसायी, सरकारी आयोजना तथा व्यक्तिलाई जानकारी गराउनुपर्नेछ । सो बमोजिम कार्यालयले तोकेको राजश्व रकम सम्बन्धित निर्माण व्यवसायी, सरकारी आयोजना तथा व्यक्तिहरुले एकमुष्ट रुपमा कार्यालयको राजश्व खातामा दाखिला गर्नुपर्नेछ ।

ग. राजश्व रकम दाखिला भएपछि मिति २०७९/०८/०६ गतेको कार्यपालिका बैठकबाट गठन गरिएको अनुगमन समितिले सम्बन्धित बगरको स्थलगत निरीक्षण गरी माग बमोजिमको परिमाण

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

उत्खनन् गर्ने स्थलमा प्राविधिकबाट नापजाँच एवं रेखाङ्कन गरी उत्खनन् वा संकलनको क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिने गरी निर्माण व्यवसायीलाई कार्यादेश दिनुपर्नेछ ।

घ. निर्माण व्यवसायी, सरकारी आयोजना वा व्यक्तिले आफूले उत्खनन् गरेको परिमाणको दैनिक विवरण कार्यालयमा पेश गर्नुपर्नेछ । कार्यालयले दैनिक रुपमा उत्खनन् भएको परिमाणको लगत संकलन तथा अवैध उत्खनन् नियन्त्रणका लागि नगर प्रहरी परिचालन गर्नुपर्नेछ ।

ङ. निर्माण व्यवसायीले बगरबाट उत्खनन् गरेको सामाग्री कुनै खाली स्थानमा जम्मा गरी राख्नु पर्नेछ । अनुगमन समितिले यसरी जम्मा गरेर राखेको निर्माण सामाग्रीको साप्ताहिक रुपमा परिमाण मापन गरी सोको जानकारी सम्बन्धित उत्खननकर्तालाई दिनुपर्नेछ । यसरी स्टक प्रमाणित गर्दा निवेदकको माग बमोजिम उत्खनन् गर्नुपर्ने परिमाण उत्खनन भैसकेको पाइएमा अनुगमन समितिले थप उत्खनन नगर्न निर्देशन दिन सक्नेछ । सोको पालना गर्नु सम्बन्धित निर्माण व्यवसायी, सरकारी आयोजना वा व्यक्तिको कर्तव्य हुनेछ ।

च. ढुङ्गा गिटी बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम निर्माण व्यवसायी, सरकारी आयोजना र व्यक्तिहरुले उत्खनन् कार्य बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म गर्नुपर्नेछ र उत्खनन् कार्यमा ठुला मेशीनको प्रयोग गर्न पाइने छैन । तर स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लेख भए बमोजिम टायरवाला ब्याकलोडर प्रयोग गरी उत्खनन् गर्न सकिनेछ ।

३. बेनी नगरपालिकाको विकास एवं समृद्धिका लागि रणनैतिक महत्व बोकेका देहायका योजनाहरुमा आवश्यक रकम विनियोजन गर्न राजनैतिक दल, जनप्रतिनिधि र कर्मचारी सम्मिलित उच्चस्तरीय समिति गठन गरी केन्द्रीय निकायमा डेलिगेशन जाने निर्णय गरियो ।

| सि नं | योजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | खबरा आनन्दबगर ढोडेनी मोटरबाटो स्तरोन्नती | बेनपा १ | |
| २ | खबरा अर्जम मोटरबाटो स्तरोन्नती | बेनपा १ | |
| ३ | रत्नेचौर कमेरे खानेपानी योजना | बेनपा १ | |
| ४ | बेनी लम्लिहिल भकुन्डे सडक | बेनपा २ | |
| ५ | अर्जुन उच्च मावि भवन निर्माण तथा सुधार | बेनपा २ | |
| ६ | तमाने देखि गौश्वारा जाने मोटरबाटो निर्माण | बेनपा २ | |
| ७ | दुधेखोला भकिम्ली शिरकुम बाग्लुङ सडक | बेनपा ३ | |
| ८ | स्वर्गाश्रम बेलढुङ्गा बाघखोर पर्यटन पूर्वाधार निर्माण | बेनपा ३ | |
| ९ | डाँडाखानी खानेपानी योजना एक घर एक धारा | बेनपा ३ | |
| १० | हाडेभिर थामडाँडा छेपारे डोले भुकभुके बेलढुङ्गा सडक स्तरोन्नती | बेनपा २ ३ ४ | |

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३



सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

| सि नं | योजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| ११ | सिङा नयाँ पुल देखी तातोपानी मसारसम्म तटबन्ध निर्माण (वारी पारी) | बेनपा ४ | |
| १२ | सिङा कभर्डहल निर्माण | बेनपा ४ | |
| १३ | बगुवा खोला भिरमुनी पुलाचौर मोटरबाटो स्तरोन्नति | बेनपा ५ | |
| १४ | पुलाचौर नयाँ गाउँ गाँजने मोटरबाटो स्तरोन्नती | बेनपा ५ | |
| १५ | म्याग्दीखोला (बगुवाखोला) भिरमुनी पुलाचौर डडुवा लिफ्टिङ सिँचाई योजना | बेनपा ५ | |
| १६ | चौतारा पोखरी कुवाँ जलाधार संरक्षण योजना | बेनपा ६ | |
| १७ | छापा अर्थुङ्गे जामुनाखर्क राउवडा सडक निर्माण | बेनपा ६ | |
| १८ | तल्लो डम्मरा जोगिगाडे चुत्रेनी सडक स्तरोन्नती | बेनपा ६ | |
| १९ | ज्येष्ठ नागरिक महिला तथा बालबालिकाका लागि फनपार्क निर्माण | बेनपा ७ | |
| २० | बेनी रङ्गशाला निर्माण | बेनपा ७ | |
| २१ | बेनी बहुउद्देश्यीय बसपार्क निर्माण | बेनपा ७ | |
| २२ | कृषि बजार केन्द्र स्थापना | बेनपा ८ | |
| २३ | बेनी अस्पताल एवं क्याम्पस चोक बस्ती संरक्षण योजना | बेनपा ८ | |
| २४ | जलेश्वर महादेव गुफा निर्माण तथा जिर्णोद्वार योजना | बेनपा ८ | |
| २५ | गलेश्वर काउलेगौंडा नेप्टेचौर घतानकोट ढोल्ठान दरबार पर्यटन पदमार्ग निर्माण | बेनपा ९ | |
| २६ | गलेश्वर काउलेगौंडा गिठीनी पात्लेखेत सडक स्तरोन्नती | बेनपा ९ | |
| २७ | तोरीपानी खेलकुद मैदान एक पालिका एक खेलकुद मैदान निर्माण कार्य | बेनपा ९ | |
| २८ | दिपक माविको खेलमैदान ढलान | बेनपा १० | |
| २९ | विद्योदय आधारभूत विद्यालयका लागि ८ कोठे आरसिसि भवन निर्माण | बेनपा १० | |
| ३० | पात्लेखेत स्वास्थ्य चौकीका लागि बर्थिङ सेन्टर निर्माण | बेनपा १० | |

४. बेनी नगरपालिकाको एघारौं नगरसभाबाट मेलमिलाप केन्द्र स्थापना कार्यका लागि विनियोजित बजेट रकम रु ३ लाख मध्येबाट सबै वडा कार्यालयमा मेलमिलाप केन्द्र स्थापना गराउनका लागि प्रति वडा रु ३० हजार रुपैयाँबाट कुर्ची, टेबल लगायतका अन्य आवश्यक सामाग्री खरिद गरी बिल भरपाई पेश गर्नका लागि वडा कार्यालयहरुलाई कार्यदिश दिने निर्णय गरियो ।

५. विभिन्न समयमा विपदका कारण क्षति भएका देहायका व्यक्तिहरुको क्षतिको अवस्था, आर्थिक आय समेतका आधारमा विपद व्यवस्थापन कोषमा रहेको रकमबाट देहाय बमोजिमको राहत रकम वितरण गर्ने निर्णय गरियो ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

| सि नं | विपद प्रभावित व्यक्ति संस्थाको नाम | उपलब्ध गराईने राहत रकम | कैफियत |
|---|---|---|---|
| १ | दिलसरा सर्किनि, बेनपा ९ | रु ३० हजार | |
| २ | सन्तु बि.क, बेनपा ९ | रु २० हजार | |
| ३ | गौरिश्वर सुवेदी, बेनपा ४ | रु १५ हजार | |
| ४ | प्रेम बहादुर सार्की, बेनपा २ | रु २५ हजार | |
| ५ | हुम बहादुर कुँवर, बेनपा ५ | रु ७ हजार ५ सय | |
| ६ | गिता कुँवर, बेनपा ५ | रु ७ हजार ५ सय | |
| ७ | पौलस्त्य मावि, बेनपा ५ | रु ५० हजार | |

६. विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिकाको दफा १३(३) बमोजिम देहाय बमोजिमको एक विद्यालय स्वास्थ्य समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

क. उपप्रमुख, बेनी नगरपालिका - संयोजक
ख. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
ग. प्रमुख, शिक्षा शाखा - सदस्य
घ. प्र.अ, बेनी सामुदायिक मावि - सदस्य
ङ. चन्द्रप्रभा भण्डारी, विद्यालय नर्स, प्रकाश मावि -सदस्य
च. अध्यक्ष, विद्यालय व्यवस्थापन समिति, जामुनाखर्क मावि - सदस्य
छ. प्रमुख, स्वास्थ्य शाखा - सदस्य सचिव

७. बेनी नगरपालिका वडा नं ५ प्रहरी सेवाको पहुँचबाट टाढा रहेकोले बेनी नगरपालिका वडा नं ५ पुलाचौरमा अस्थायी प्रहरी चौकी स्थापना लागि जिल्ला प्रशासन कार्यालय र जिल्ला सुरक्षा समितिलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

८. बेनी नगर कार्यपालिकाको मिति २०७९/०८/२७ गतेको निर्णय अनुसार यस नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा आवश्यक झोलुङ्गे पुलहरुको विवरण स्थानीय पूर्वाधार विभागमा पठाईएकोमा देहायका पुलहरुको विवरण छुट हुन गएकोले पुन: अनुरोध गरी पठाउने निर्णय गरियो ।

क. सारेमारे झोलुङ्गे पुल निर्माण, बेनपा १, म्याग्दी ।
ख. बेनपा ७ खुलामञ्चबाट हाडेभिर जोड्ने झोलुङ्गे पुल मर्मत, बेनपा ७, म्याग्दी ।

९. बेनी नगरपालिकाको टेम्पो, अटोरिक्शा र ईरिक्शा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम बेनी बजारभित्र टेम्पो, अटोरिक्शा तथा ईरिक्शा सञ्चालन गर्न चाहने इच्छुक व्यक्तिहरुलाई कार्यविधि बमोजिमका कागजात संलग्न राखी आवेदन पेश गर्न १५(पन्ध्र) दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख